शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# नगरसभाका निर्णयहरु

**निर्णय नं.- १**

शितगंगा नगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवाशर्त सम्बन्धि) ऐन, २०७८ को दफा १८ को उपदफा ६ खारेज गरियो ।

**निर्णय नं.- २**

"शितगंगा नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" लोक सेवा आयोग लुम्बिनीको शैद्धान्तिक सहमति प्रदान गरेकोले आयोगको परामर्श तथा शैद्धान्तिक सहमती समेतका आधारमा "शितगंगा नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" स्वीकृती गरियो ।

**निर्णय नं.- ३**

न्यायीक समितिको आ.व. २०७८/०७९ को हाल सम्मको प्रतिवेदन सभामा प्रस्तुत भयो । न्याय सम्पादनमा भए गरेको कार्य सन्तोष जनकनै रहेको पाईयो । भएका निर्णयहरु न्यायीक समितिले सर्वसम्मत निर्णय गरेको देखियो । उजुरी लिने र न्याय सम्पादन गर्ने कार्य अझै थप व्यवस्थित गर्न सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं.- ४**

यस नगरपालिकाका प्रारम्भिक बाल विकास कार्यकर्ताहरुलाई नवौं नगरसभाबाट थप भएको समेत गरी मासिक रु १५०००।- पारिश्रमीकलाई निरन्तरता दिईने छ ।

**निर्णय नं.- ५**

यस नगरपालिकामा कार्यरत एमआईएस अपरेटर तथा फिल्ड सहायक कर्मचारीहरुको प्रतिवद्धता बमोजिम आधा तलव यस नगरपालिकाले समपुरकको रुपमा व्यहोर्ने ।

**निर्णय नं.- ६**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ११ को दफा ८३ को (१) बमोजिमको संगठन संरचना कायम नभए सम्म आ.व. २०७९/०८० को लागि सोही दफाको (३) बमोजिम नवौं नगरसभाबाट स्वीकृत भएको र सो मा कार्यापालिकाको निर्णयबाट थप भएको समेतलाई कायम साथै सर्वेक्षणको कममा रहेको संगठन व्यवस्थापन संरचना आगामी नगरसभाबाट स्वीकृत गराई सोही बमोजिम हुने ।

**निर्णय नं.- ६**

चालु आ.व. २०७९/०८० को लागि नवौं नगरसभाबाट स्वीकृत कार्यकम तथा बजेट कार्यान्वयनको सन्दर्भमा विभिन्न मितिमा नगर कार्यपालिकाको बैठकबाट भएका योजनाहरुको थप तथा संसोधन, नगर प्रमुखको तोक आदेशबाट भएका खर्चहरु, र कार्यपालिकाको बैठकबाट भएका नीतिगत निर्णयहरु नगर सभाबाट अनुमोदन गरियो ।

**निर्णय नं.- ७**

शितगंगा नगरपालिकाको आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्मको अध्ययनमा रहेको मध्यमकालिन खर्च संरचना आगामी नगरसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ८**

भौगौलिक विकटता एवं विशालता तथा छरिएको वस्ती भएका कारण नगरपालिकाको वित्तिय एवं प्राविधिक क्षमताबाट संचालन गर्न नसकिने यस न.पा.का आर्थिक सामाजिक पूर्वाधारसँग सम्बन्धित तपशिलका आयोजनाहरु संचालनको लागि केन्द्र तथा प्रदेश सरकारका सम्बद्ध विषयगत मन्त्रालय एवं निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

८.१ शितगंगा नगरपालिका आर्थिक तथा मानवीय विकासको दृष्टीकोणले अन्यन्त पछाडी परेको हुँदा सिमान्तकृत तथा अति गरिव परिवारलाई लक्षित गरी गरिवी निवारण कार्यक्रम संचालनको लागि गरिवी निवारण मन्त्रालयमा अनुरोध गर्ने । साथै लुम्बिनी प्रदेश मार्फत संविधानमा व्यवस्था भएबमोजिम बिशेष क्षेत्र घोषणा गर्न अनुरोध गर्ने ।

८.२ यस नगरपालिकामा करिव ७० प्रतिशत भू-भाग बन क्षेत्र भएकोले वन्यजन्तुहरुबाट कृषि बालीमा बढ्दो आक्रमणले कृषकहरु वसाई सर्न बाध्य बनाईरहेको अवस्थालाई मध्यनजर गरी वन्यजन्तुबाट बाली संरक्षण तथा कृषि तथा पशु विमाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

८.३ संघीय शासन प्रणाली लागु भएतापनि अर्घाखाँची जिल्लाको आधा भू-भाग ओगटेको यस नगरपालिकाका जनता नागरिकता, पासपोर्ट, शान्ति सुरक्षा, जग्गा रजिष्ट्रेशन लगायतका अत्यावश्यक सुविधाको लाीग जिल्ला सदरमुकाम जानु पर्ने वाध्यता यथावत रही रहेकाले इलाका प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय स्थापनाको लागि गृह मन्त्रालय र कृषि तथा भूमिसुधार मन्त्रालयमा अनुरोध गर्ने ।

८.४ विकट भौगोलिक अवस्था र छरिएर रहेको वस्तीका कारण सडक, खानेपानी, शिक्षा, स्वास्थ्य लगायतका आधारभुत सेवा सुविधाको लागि राज्यले ठूलो लगानी गर्नु परिरहेको र उक्त सेवाहरु गुणस्तरिय समेत वनाउन नसकिएको हुँदा एकिकृत वस्ती विकासको लागि **आवश्यक नीति निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने ।** प्राविधिक तथा आर्थिक सहयोगको लागि भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालय, भवन तथा सहरी विकास विभागमा अनुरोध गर्ने ।

८.५ यस नगरपालिकाको अधिकाशं भू-भाग चुरे क्षेत्रमा रहेको र चुरे क्षेत्रमा कुनै पनि पूर्वाधार निर्माण गर्दा प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन/वातावरणीय प्रभाव मुल्याङ्कन गर्नु पर्ने नीतिगत व्यवस्थाको कारण धेरै आयोजनाहरु अलपत्र पर्ने, लागत वढ्ने, समयमा निर्माण कार्य गर्न नसकिने जस्ता समस्याले आम नगरबासीहरुमा नैरास्यता वढ्दै गएको हुँदा उक्त विषयलाई सहज र सरल वनाउने सन्दर्भमा आवश्यक

व्यवस्थाको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र वन तथा भू-संरक्षण मन्त्रालयमा अनुरोध गर्ने ।

८.६ यस नगरपालिका भित्र बसोवास गर्ने नगरवासीहरुलाई आत्मनिर्भर बनाउन शिप विकास तालिम केन्द्रको स्थापना गर्न सम्बन्धित निकायमा माग गर्ने ।

८.७ नगरपालिका भित्र छरिएको वस्तीका बालवालिकालाई विद्यालय सम्मको पहूँच सहज बनाउन, गुणस्तरिय शिक्षा प्रदान गर्न र शिक्षामा भएको लगानीलाई कम गर्न कम्तीमा २ स्थानमा नमुना आवासीय विद्यालय सञ्चाल गर्न शिक्षा मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं.- ९**

आगामी आ.व. ०७९/०८० मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका योजनाहरु कार्यान्वयनको सन्दर्भमा निम्न बमोजिमको समय तालिका बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| टुङ्गो लागेका योजनाहरुको ठेक्का सूचना (पहिलो चरणको) | असोज मसान्त भित्र |
| उपभोक्ता समितिसँग सम्झौता गर्ने | कार्तिक मसान्त सम्म |
| कार्यान्वयन गर्ने | फाल्गुन मसान्त सम्म |

**निर्णय नं.- १०**

यस कार्यालयबाट विभिन्न कार्यहरुको लागि पत्रिकामा सूचना प्रकाशन गर्दा एकरुपता र मितव्ययीताको लागि सूचिकृत फर्महरुलाई सूचनाको साइज अनुसार बढीमा रु २००००।- नवढ्ने गरी सूचना उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट, योजना तथा कार्यक्रम नगरकार्यपालिकाबाट सिफारिस भई आएकोमा सो लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को हाल सम्म सम्पादन गरेको न्यायिक समितिको प्रतिवेदन नगरसभामा पेश भई छलफल भयो । प्राप्त उजुरीहरु मध्ये अधिकाशं उजुरीहरु समयमै न्याय सम्पादन भएतापनि केही हुन नसकेको पाईयो । वडा स्तरमा समेत मेल मिलाम कर्ताहरुको सूचिकृत गर्ने र वडा स्तरमा समेत मेलमिलाप केन्द्र थप व्यवस्थित र संक्षम बनाउन आवश्यक व्यवस्था मिलाउन नगरपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकामा रहने विषयगत समिति लगायतका समितिहरु नगरकार्यपालिकाको बैठकबाट गठन भएकोमा सो लाई अनुमोदन गर्दै निम्न बमोजिम न्यायीक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक :- गीत भाट (उप- प्रमुख)

सदस्य :- केशव प्रसाद वेल्वासे (वडा अध्यक्ष)

सदस्य :- चन्द्रमणि वेल्वासे (वडा अध्यक्ष)

**निर्णय नं. १४**

नगरपालिका र नगरपालिका अर्न्तगतका निकायमा कार्यरत स्थायी कर्मचारीहरुलाई नेपाल सरकारले निर्धारण गरेबमोजिमको तलव भत्ता प्रदान गर्ने र करार कर्मचारीहरुको हकमा नगरकार्यपालकाले एक उच्च स्तरीय समिति बनाई सो को प्रतिवेदनका आधारमा गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

आवश्यक्ता बमोजिम विकास निर्माणको लागि वजेट विनियोजन गर्ने तथा संसोधन गर्ने लगायतको अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।